मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

कालिञ्चोकमा रोमान्टिक : पृष्ठ ३



◆ वर्ष : २८ ◆ अङ्क : १५२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० बैशाख ८ गते शुक्रवार (Friday, April 21. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

मानव बेचबिखन आरोपमा पक्राउ

काठमाडौं, वैशाख ७। वैदेशिक रोजगारका लागि ओमन पुऱ्याई मानवबेचबिखन गरेको अभियोगमा २ जनालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा इलाम फाकफोकथुम गाउँपालिका-६ घर भई काठमाडौं गौरीघाट बस्ने ४० वर्षीय शुकराज लिम्बू र सिन्धुपाल्चोक बलेफी गाउँपालिका-६ घर भई ललितपुर महानगरपालिका भैंसेपाटी बस्ने ४५ वर्षीय विष्णु तामाङ रहेका छन्।

उनीहरुले पीडित व्यक्तिलाई वैदेशिक रोजगारको लागि ओमानमा फ्रि भिषा फ्रि टिकटमा पठाइदिन्छु भन्दै विभिन्न प्रलोभनमा पारी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ओमान पुऱ्याएका थिए। उनलाई ३५०० ओमानी रियलमा ओमानी घर मालिकलाई बिक्री गरेको र मालिकले शारीरिक तथा मानसिक यातना दिई घर तथा अफिसको काममा लगाई राखेको अवस्थामा अचानक बेहोश भई पुनः कम्पनीमा फिर्ता गरेको बताइएको छ। कम्पनीको मालिकले आफ्नो घर तथा अफिसको काममा लगाई राखेको अनुसन्धानबाट खुल्न आएको छ। पीडित नेपाली राजदूतावासको सहयोगमा नेपाल फर्किएका छन्। उनीहरू उपर मानवबेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट पाँच दिन म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

भुटानी शरणार्थी प्रकरण

पाँच करोड १९ लाख ठगी

दुई करोड ३३ लाखको कोकिनसहित दुई विदेशी पक्राउ

झापा, बैशाख ७। भुटानी शरणार्थी बनाई अमेरिका लैजाने बहानामा नागरिकलाई फसाएर रु. पाँच करोड १९ लाख ठगी भएको भन्दै १० जना प्रहरीको सम्पर्कमा पुगेका छन्।

नेपाल प्रहरीको काठमाडौं उपत्यका अनुसन्धान कार्यालयका अनुसार अहिलेसम्म १० जना पीडितहरु सम्पर्कमा आएका र उनीहरुले रु. पाँच करोड १९ लाख ९७ हजारभन्दा बढी ठगी भएको भनी १० वटा छुट्टाछुट्टै किटानी जाहेरी दिएका छन्।

कार्यालयमा परेका जाहेरी र आवश्यक अनुसन्धानका कागजातसहित थप कारबाहीका लागि बुधबार काठमाडौं जिल्ला प्रहरी परिसर टेकुमा बुझाइएको कार्यालयका प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिए। उक्त ठगीको आरोपमा यसअघि नै कार्यालयले सन्देश शर्मा, सानु भण्डारी र केशव दुलाललाई पक्राउ गरी परिसरमा बुझाइसकेको छ।

उनीहरुको मिलेमतोमा २०७७ सालदेखि हालसम्म विभिन्न नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई अमेरिका लैजान्छु भनेर प्रलोभन र विश्वासमा पारी कास्की, दाङ, मोरङ, रुकुमलगायतका जिल्लाका नागरिकलाई करोडौं रकम ठगेका पाइएको प्रहरीले जनाएको छ। यसरी ठगीमा ८१ जना परेका छन्। अहिलेसम्म १३ करोड ठगी भएको प्रारम्भिक अनुमान छ। पीडितहरुले फारम भर्न मात्रै १५ देखि २० लाख तिरेको तथ्य प्रहरीले फेला पारेको थियो।

यसैबीच नेपाल प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरोले लागूऔषध कोकिन १ केजी ८० ग्रामसहित दुई जना विदेशी नागरिकलाई पक्राउ गरी सार्वजनिक गरेको छ।

बिहीबार पत्रकार सम्मेलन गर्दै नेपाल प्रहरीले यस बारेमा जानकारी गराएको हो। पक्राउ पर्नेमा भारतको उत्तरप्रदेशस्थित अलिग्राहका ५१ वर्षीय रवीन्द्रकुमार परासर र केन्याकी वर्ष ६३ की पिलिसिला वान्जा एन्ड्रिटुलाई रहेका छन्।

रवीन्द्रकुमारलाई वैशाख ५ गते काठमाडौंको ठमेलस्थित एक होटलबाट पक्राउ गरेको हो भने एन्ड्रिटुलाई ठमेलस्थित नै अर्को होटलबाट युएस एक हजार डलरसहित पक्राउ गरिएको लागूऔषध नियन्त्रण ब्यूरोका प्रवक्ता एवम् सूचना अधिकारी प्रहरी उपरीक्षक चक्रराज जोशीले जानकारी दिए।

उनीहरूका साथबाट कालो रंगको कपडाको झोलाभित्र खैरो रंगको लेडिज ब्यागमा फल्स बटम बनाइ लुकाइ छिपाइ राखिएको अवस्थामा लागूऔषध १ केजी ८० ग्राम कोकिनसहित पक्राउ गरिएको र केनियन महिलालाई एक सय अमेरिकी डलरसहित पक्राउ गरिएको हो। उनीहरूलाई लागूऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम काठमाडौं जिल्ला अदालतबाट लागूऔषध मुद्दामा म्याद थप गरी अनुसन्धान भइरहेको बताइएको छ।

बरामद लागूऔषध कोकिनको अन्दाजी अवैध बजार मूल्य २ करोड ३३ लाख २८ हजार रहेको छ।

१५९ वडामा अनलाइन दर्ताका लागि पूर्वाधार छैन

बिर्तामोड, वैशाख ७। देशभरका छ हजार सात सय ४३ वडामध्ये एक सय ५९ वडाले अझै अनलाइनबाट व्यक्तिगत घटना दर्ता गर्न नसकेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जनाएको छ।

पञ्जीकरण सप्ताहका अवसरमा युनिसेफ र महिला, कानून र विकास मञ्चले बिहीवार आयोजना गरेको कार्यक्रममा इन्टरनेटको समस्याका कारण एक सय ५९ वडाले अझै अनलाइनबाट व्यक्तिगत घटना दर्ता गर्न नसकेको जानकारी गराइएको हो।

सो अवसरमा छ हजार पाँच सय ८४ वडामा अनलाइन माध्यमबाट व्यक्तिगत घटना दर्ता हुने गरेको जानकारी गराइएको थियो। कार्यक्रममा वडा-वडामा व्यक्तिगत घटना दर्ता शिविर पनि सञ्चालन गर्ने गरिएको जनाइएको छ। विभागका महानिर्देशक रुद्रप्रसाद पण्डितले व्यक्तिगत घटना दर्तामा देखा परेका समस्या सम्बोधन गरिने प्रतिबद्धता जनाए। व्यक्तिगत घटना दर्तामा परेका समस्या समाधानका लागि आवाज बुलन्द हुनुपर्ने उनको भनाइ थियो।

विभागले १५ दिनअघि परिपत्र जारी गरेपछिका चार दिनमा एकल महिलाका तीन सय ६६ सन्तानको जन्मदर्ता भएको उनले जानकारी दिए। परिपत्रमा केही भाषा संशोधन गर्नुपर्ने सुझाव आएको चार दिनमा त्यसलाई सुधार गरिएको उनले बताए। सुत्केरी महिलाले ३५ दिनभित्र बालबालिकाको जन्मदर्ता गर्न सक्दैनन्, निजामती सेवामा काम गर्ने महिलाले ९८ दिन त बिदा नै पाउँछन्, यसैले कम्तीमा पनि ९८ दिन जन्म दर्ताका लागि समय दिनुपर्छ भन्ने हाम्रो पनि अनुभव छ- महानिर्देशक पण्डितले भने।

मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले जन्मदर्ता बालबालिकाको मौलिक हक भएकाले ३५ दिनपछि गर्दा पनि शुल्क नलाग्ने गरी कानून संशोधन गर्नुपर्नेमा जोड दिए।

१५ निर्माण व्यवसायी कालो सूचीमा

काठमाडौं, वैशाख ७। सार्वजनिक खरिद अनुगमन कार्यालयले विभिन्न सार्वजनिक निकायका ठेक्का अलपत्र पार्ने १५ निर्माण व्यवसायी र आपूर्तिकर्तालाई कालोसूचीमा राखेको छ।

उनीहरुले सो अवधिभर सार्वजनिक निकायको कुनै पनि खरिद प्रक्रियामा भाग लिन नपाउने जनाएको छ। शैलेन्द्रकुमार कुरुम्वाङ रहेको विराटनगरस्थित एसएएस कन्स्ट्रक्सन प्रालिलाई तीन वर्ष कालोसूचीमा राखिएको छ। गोकर्णप्रसाद पण्डित रहेको नागार्जुन शङ्करमाली जेभी, दीपक सापकोटा रहेको शङ्करमाली निर्माण सेवा प्रालिलाई एक वर्ष तीन महिनाका लागि कालोसूचीमा राखेको छ। राजुप्रसाद श्रेष्ठ रहेको वाई पी कन्स्ट्रक्सन, रवीनकुमार जोशीको रफिना कन्स्ट्रक्सनलाई पनि एक वर्ष तीन महिनाका लागि कालोसूचीमा राखिएको छ।

साथै टंकप्रसाद चौलागाँई रहेको धुलिखेल-युनिकर्ण जेभी र हरि खड्का रहेको युनिकर्ण कन्स्ट्रक्सन एक वर्षका लागि कालोसूचीमा परेका छन्। त्यस्तै विमल चौधरी रहेको फेवा नेपाल प्रालि इटहरी, रेशम श्रेष्ठ रहेको कन्या कालिका स्टील फर्निचर, प्रमिला थापा रहेको ओम शान्ति निर्माण सेवा भद्रपुर, अनिलकुमार रहेको रेडलाइन कन्स्ट्रक्सन कम्पनी प्रालि वीरगञ्ज जौवाद हुसेन रहेको सेफ मेटल कन्स्ट्रक्सन प्रालि वीरगञ्ज, राजुभाइ सैंजु रहेको सिरुवा कन्स्ट्रक्सन, गोरे तामाङ रहेको कविर कन्स्ट्रक्सन र सुनकोसी कन्स्ट्रक्सन नेपाल प्रालिलाई पनि एक वर्षका लागि कालोसूचीमा राखिएको छ।

करणी अभियोगमा पक्राउ

झापा, वैशाख ७। ९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गौरादह नगरपालिका-५ बस्ने ४१ वर्षीय उद्धव तामाङलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ।

तामाङले ललाई फकाई आफ्नै घरमा लगी ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी महारानीझोडाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

अभिभावकको रोजाइमा परेका झापाका निजी विद्यालय

झापा, वैशाख ७। नयाँ शैक्षिक सत्र शुरु भएसँगै सामुदायिक तथा निजी विद्यालयहरुमा विद्यार्थी भर्ना सहितका गतिविधि शुरु भएका छन्। सोही विद्यालयमा अध्ययनरत विद्यार्थीको माथिल्लो कक्षा प्रवेश लगायतका गतिविधिका लागि अभिभावक विद्यालय केन्द्रीत छन्।

व्यावहारिक शैलीको पठनपाठन, अतिरिक्त क्रियाकलाप, अभ्यासमूलक सिकाइ जस्ता विभिन्न विशेषताहरु भएका विद्यालयहरुप्रति अभिभावक र विद्यार्थीको ध्यान जाने गरेको छ।

झापामा सञ्चालित विद्यालयहरुमध्ये उत्कृष्टमा आफ्ना सन्तानलाई शिक्षा दीक्षा दिन अभिभावकहरु लोभिने गरेका छन्। धेरै उत्कृष्ट विद्यालयहमध्ये आफ्नो छनोटमा परेका विद्यालयमा गएर सन्तानको शिक्षाका लागि प्रक्रिया मिलाउन उनीहरु सक्रिय छन्। र ोजाइमा रहेका केही विद्यालयहरु निम्न छन्।

बाल्मीकि एजुकेशन फाउण्डेशन

वाल्मीकि एजुकेशन फाउण्डेशन २०५९ सालमा स्थापित विद्यालय हो। यो विद्यालय जिल्लाकै नमूना विद्यालयका रुपमा परिचित छ। निजी शैक्षिक संस्थाको रूपमा स्थापना भएको यो विद्यालय राष्ट्रिय परीक्षा बोर्डमा आबद्ध छ। यो विद्यालयमा प्ले-ग्रुपदेखि मास्टरसम्मको अध्ययन-अध्यापन हुने गरेको छ।

झण्डै तीन हजार विद्यार्थी अध्ययनरत् यो विद्यालयका संस्थापक गोपालकुमार बस्नेत हुन् भने निर्देशक आनन्दकुमार बस्नेत र प्रिन्सिपल विष्णु सिंघल छन्।

बिर्तामोड-१, जगतबस्तीमा स्थापित यो विद्यालयले माध्यमिक तहसम्मको शिक्षा मध्यम शुल्क संरचनासहित उपलब्ध गराउँछ र योग्य विद्यार्थीहरूका लागि छात्रवृत्ति योजनासमेत उपलब्ध गराउँदै आएको छ।

यस विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्नुको साथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराएर हरेक वर्ष जिल्लामा आफ्नो छवि उच्च बनाउने काम गर्दै आएको छ।

वाल्मीकि एजुकेशन फाउण्डेशनले स्थापना कालदेखि नै एसएलसी र एसईईमा छुट्टै रेकर्ड राखेको छ। विद्यार्थीको समग्र सिकाइ क्षमता बढाउन र उचित सुविधाहरू उपलब्ध गराउँदै समय सापेक्ष शिक्षा प्रदान गर्दै आएको छ।

बाल्मीकि एजुकेशन फाउण्डेशन जिल्लाका अग्रणी शैक्षिक संस्थाहरू मध्येमा पर्छ। संस्थाका सबै गतिविधिमा विद्यार्थीको पूर्ण सहभागिता नभएसम्म शैक्षिक उत्कृष्टता हासिल गर्न नसकिने भएको ठहर गर्दै उनीहरूको चौतर्फी विकासका लागि विभिन्न विद्यार्थी-केन्द्रित गतिविधिहरू समावेश गराउँदै आएको छ। पुस्तकालय, खेलकुद, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, परामर्श, छात्रवृत्ति, कक्षा कोठा, नृत्य, संगीत, भ्रमण इसीए आदिका कारण पनि अभिभावकको रोजाइमा यो विद्यालय पर्ने गरेको छ।

न्यूटन एजुकेशन एकेडेमी

झापामा सञ्चालित निजी विद्यालयहरुमध्येको बिर्तामोड-५ मा रहेको न्यूटन एजुकेशन एकेडेमी पनि उत्कृष्ट विद्यालय हो।

शिक्षासेवी हरिकुमार प्रसाईले स्थापना गरेको यो विद्यालयमा करिब एक हजार ६ सय विद्यार्थी अध्ययनरत छन्। २०६० सालमा स्थापित यो विद्यालयमा नर्सरीदेखि कक्षा १२ सम्म पठनपाठन हुन्छ। यो विद्यालयका प्रिन्सिपल देवेन्द्र हुमागाँई हुन्। शैक्षिक उत्कृष्टता, ललितकला, प्रदर्शन कला, खेलकुद, गीत-संगीत आदिका लागि पनि यो विद्यालय जिल्लामा परिचित छ। लामो समयदेखि शैक्षिक क्षेत्रमा अब्बल रहेको यो बिद्यालय अभिभावकको रोजाइमा रहेको छ। फि स्ट्रक्चरका आधारमा हेर्ने हो भने पनि यो विद्यालय अन्य विद्यालयको तुलनामा सस्तो छ।

शैक्षिक हवका रुपमा परिचित बिर्तामोडमा धेरै विद्यालय रहेपनि न्यूटनको छुट्टै पहिचान छ। प्रिन्सिपल हुमागाँईका अनुसार गरीब तथा जेहेन्दार विद्यार्थीका लागि विशेष छुटको व्यवस्था र विपन्न समुदायका धेरै बालबालिकाले निःशुल्क अध्ययन गर्ने गरेका कारण पनि अभिभावको रोजाइमा परेको हो।

विगतका वर्षदेखि नै एसएलसी र एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल भएका कारण पनि यो विद्यालयको चर्चा चुलिएको हो। विद्यालयले प्रदान गर्ने उत्कृष्ट शिक्षाका कारण यो विद्यालयले शिक्षा क्षेत्रमा फड्को मार्दै गएको छ।

लिटिल फ्लावर्स इङ्लिस स्कूल

अंग्रेजी माध्यममा शिक्षा दिने मात्र नभई विद्यार्थीको मनोवैज्ञानिक र शारीरिक आवश्यकतालाई ध्यानमा राखी उनीहरूलाई मार्गदर्शन र तालिम दिने उद्देश्यले २०३८ सालमा स्थापना भएको लिटिल फ्लावर्स इङ्लिस स्कूल जिल्लाको नमूना विद्यालयका रुपमा परिचित छ।

बिर्तामोड -४ मा अवस्थित यस विद्यालयका संस्थापक/निर्देशक राजेश खड्का हुन्। विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिई समुदायको सेवा गर्न प्रयास गर्दै आएको यो विद्यालयले युग सुहाउँदो शिक्षा प्रदान गर्दै आएको छ। विगतमा एसएलसी परीक्षामा नेपाल फष्ट गराएर यो विद्यालयले झापामा मात्र नभई देशमै आफ्नो नाम सुरक्षित गरिसकेको छ। यो विद्यालयमा अहिले झण्डै १५ सयको हाराहारीमा विद्यार्थी अध्ययनरत् रहेको प्रिन्सिपल विशाल क्षेत्रीले जानकारी दिए।

नर्सरीदेखि कक्षा ११ सम्म अध्ययन-अध्यापन हुने गरेको यो विद्यालयले विद्यार्थीको बहुआयामिक व्यक्तित्वको विकास गर्ने वातावरण उपलब्ध गराउँदै आएको छ। पढाइका अलावा अतिरिक्त क्रियाकलापमा समेत यो विद्यालय जिल्लाकै उत्कृष्ट विद्यालयमा पर्छ।

निर्देशक खड्काले भने - हामी 'तमसो मा ज्योतिर्गमय' ज्ञानको ज्योतिले अज्ञानताको अन्धकार हटाउन सक्छ भन्ने मूल नारा लिएर अघि बढेका छौं।

पछिल्लो समय साक्षरता र संख्यात्मक विकासको लागि बलियो आधार निर्माण गर्ने अनुभवहरू प्रदान गर्दै आएको यो विद्यालयले राष्ट्रिय पाठ्यक्रम र परीक्षा शब्दांशलाई विभिन्न प्रकारका शिक्षण प्रविधिहरू मार्फत प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आएको छ।

यो विद्यालय राजेश खड्काको पहलमा गोपालकुमार बस्नेत, सुधीर शिवाकोटी र दिनेश मल्लसमेतको लगानीमा यो विद्यालय नर्सरीदेखि कक्षा २ सम्म जम्मा ४७ जना विद्यार्थी र ४ जना शिक्षकसहित स्थापना भएको थियो। त्यही विद्यालय अहिले बिर्तामोड नगरको मात्र नभई देश भर चिनिएको छ।

सिद्धार्थ बोर्डिङ स्कूल

सिद्धार्थ बोर्डिङ माध्यमिक विद्यालय झापाको दमकमा रहेको छ। जसलाई प्रायः सिद्धार्थ बोर्डिङ मावि भनिन्छ। तेजकुमार श्रेष्ठद्वारा २०३५ सालमा स्थापना गरिएको यो विद्यालय त्यस क्षेत्रको नमूना विद्यालयका रुपमा स्थापित छ। यो विद्यालयलाई दमकमा रहेका निजी विद्यालयहरुको तुलनामा सबैभन्दा प्रतिष्ठित विद्यालयका रुपमा चिनिन्छ। यो विद्यालयमा दुई हजारभन्दा धेरै विद्यार्थी अध्ययनरत छन्। जसमा कक्षा ११ र १२ अध्ययन गर्ने विद्यार्थीको संख्या मात्रै आठसयको हाराहारीमा रहेको बताइएको छ।

विद्यार्थीहरूलाई अत्याधुनिक प्रविधि सहितको शिक्षा प्रदान गर्न यो विद्यालय केन्द्रीत छ। राजनीतिरहित शिक्षा प्रदान गर्ने यो विद्यालयमा कुनै पनि विद्यार्थी संघ संगठनले प्रवेश पाएका छैनन्।

एम्स एकाडेमी

निजी तथा आवासिय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन)मा आवद्ध अर्जुनधारा नगरपालिकामा ३० वटा विद्यालय रहेका छन्। जसमध्ये अर्जुनधारा - ८ मा टीकाराम गौतम (टीआर) ले सञ्चालन गरेको एम्स एकाडेमी पनि एक हो। जुन विद्यालय नगरकै उत्कृष्ट विद्यालयका रुपमा परिचित छ।

त्यसो त अर्जुनधारा नगरपालिकामा अन्य निजी विद्यालयले पनि गुणस्तरीय शिक्षा प्रदान गर्दै आएका छन् तर पनि अभिभावकको रोजाइमा यही विद्यालय रहेको छ। समय सापेक्ष र प्रविधिमैत्री शिक्षण सिकाइसंगै अतिरिक्त क्रियाकलापमा समेत सक्रिय सहभागिता जनाउने यो विद्यालयमा अध्ययनरत् विद्यार्थीले हरेक वर्ष प्राप्त गर्ने शैक्षिक उपलब्धिलाई आधार मान्दै नगरपालिकाले समेत पटक-पटक पुरस्कृत गर्नुले पनि यो विद्यालयले आफैंमा राम्रो छवि बनाएको प्रमाणि हन्छ।

२०५४ सालमा बनियानीमा स्थापित यो विद्यालयलाई स्थानान्तरण गर्दै २०७२ सालबाट अर्जुनधारा- ८ मा गौतमले सञ्चालनमा ल्याएका थिए। २०७३ सालबाट नै एसएलसी परीक्षामा सहभागी गराएर नगरकै सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यालयका रुपमा आफूलाई उभ्याएपछि यो विद्यालयको चौतर्फी चर्चा शुरु भयो।

शैक्षिक गुणस्तर राम्रो भएकै कारण अर्जुनधारा नगरपालिका शिक्षा शाखाले २०७५, २०७६ देखि नै यो विद्यालयलाई उत्कृष्ट विद्यालयको रुपमा सूचिकृत गर्दै पुरस्कृत गर्दै आएको छ। कोरोना कालमा समेत प्रविधि मैत्री शिक्षण सिकाइकै कारण यस विद्यालयमा अध्ययनरत विद्यार्थीले राम्रो प्राप्ताङ्क ल्याउन सफल भएका कारण यो विद्यालय अभिभावकको रोजाइमा परेको बताइन्छ।

बाँकी अन्तिम पृष्ठमा

अभिभावकको....

अभिभावकको राय बमोजिम नै वार्षिक योजना तयार पार्ने यो विद्यालयले समय सापेक्ष, प्रविधिमैत्री, खोजमूलक शिक्षण विधि अपनाउँदै पठनपाठन गराउँदै आएको विद्यालयका संस्थापक गौतम बताउँछन् । नैतिक शिक्षा आजको आवश्यकता हो -गौतमले भने - हामी हाम्रो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई सबैभन्दा पहिला आचरण सिकाउँछौं, आचरण बिनाको विद्यार्थीलाई जतिसुकै राम्रो शिक्षा दिएपनि त्यसले व्यवहारमा लागू गर्न नसक्ने भएकाले हाम्रो पहिलो प्राथमिकता नै आचरण शिक्षा हो ।

माउन्ट एभरेष्ट

ग्रामीण क्षेमा सञ्चालनमा रहेको माउन्ट एभरेष्ट इङ्लिस स्कूल झापामा सञ्चालित उत्कृष्ट निजी विद्यालयहरु मध्येमा पर्ने विद्यालय हो । यो विद्यालय पश्चिम दक्षिण झापाको गौरादह-१ मा सञ्चालित छ । २०३८ सालबाट सञ्चालनमा रहेको यो विद्यालयले २०५१ सालबाट एलएलसी परीक्षामा विद्यार्थीलाई सहभागी गराउँदै पटकपटक जिल्ला प्रथम भएसंगै यहाँ विद्यार्थीको चाप बढेको हो । त्यसो त यो विद्यालयले खेलकुद तथा अतिरिक्त क्रियाकलापमा समेत सधै उत्कष्टता हासिल गर्दै आएको छ ।

नारायणप्रसाद घिमिरे प्रिन्सिपल हुन् -यो विद्यालयका । २०४८ सालबाट प्रिन्सिपलको जिम्मेवारीमा रहेका घिमिरेले यो विद्यालयलाई शिक्षा क्षेत्रमा तीन पटक राष्ट्रिय शिक्षा पुरस्कार, दिलाउन सफल भए । ११ पटक एसएलसी परीक्षामा जिल्ला प्रथम भएको यो विद्यालयले एसएलसी शुरु गरेको वर्ष नै जिल्ला फष्ट गरेको थियो भने २०५२ सालमा छात्र र छात्रा दुवैतर्फ जिल्ला प्रथम भएको थियो ।

कक्षा १२ सम्म पठनपाठन हुने यो विद्यालयमा ५७ जना शिक्षक तथा कर्मचारीले रोजगारी पाएका छन् । यो विद्यालयमा अध्ययन गर्ने विद्यार्थी मध्ये ४१ जना एमबीबीएस डक्टर, तीन सय वढी इन्जिनियर, अधिकृत र अन्य धेरै सरकारी सेवामा प्रवेश गरेका कारण पनि यो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको संख्या धेरै छ ।

कञ्चनजंघा अंग्रेजी माध्यमिक विद्यालय

बिर्तामोड- ४ मा रहेको कञ्चनजंघा अंग्रेजी माध्यमिक विद्यालय संस्थागत विद्यालयतर्फ जिल्लाकै उत्कृष्ट विद्यालय मध्ये एक हो ।

२०६५ सालमा स्थापना भएको यो विद्यालयको स्थापना गुरुभक्त न्यौपानेले गरेका हुन् । झापाको कनकाई नगरपालिकास्थित लक्ष्मीपुरबाट स्थानान्तरण गर्दै यो विद्यालयलाई बिर्तामोडमा पुऱ्याइएको हो । २०६५ सालमा नर्सरीदेखि कक्षा १० सम्म अध्ययनको अनुमति प्राप्त गरेको यो विद्यालयमा अहिले एक हजार पाँच सयको हाराहारीमा विद्यार्थी अध्ययनरत् छन् ।

मासिक तीन हजार रुपैयाँभन्दा कम शुल्कमै यो विद्यालयमा विद्यार्थीले कक्षा १० सम्मको अध्ययन गर्न पाउँछन् । यो शुल्क निजी विद्यालयका लागि अत्यन्त न्यून भएको प्रिन्सिपल न्यौपानेको भनाइ छ । दुर्गा माध्यमिक विद्यालय गरामनीको प्रधानाध्यापकको जिम्मेवारी छाडेर न्यौपानेले स्थापना गरेको यो विद्यालयमा समय सापेक्ष प्रदान गरिने शिक्षाका कारण विद्यार्थी संख्या उच्च भएको हो । लामो समयसम्म शिक्षा क्षेत्रमा क्रियाशील न्यौपानेले आफ्नै क्षेत्रका बालबालिकालाई गुणस्तरीय शिक्षा दिन सञ्चालन गरेको यस विद्यालयले अहिले झापामा छुट्टै पहिचान बनाएको छ ।

प्याब्सनका निवर्तमान केन्द्रीय सदस्य समेत रहेका उनी हाल प्याब्सन झापाका सल्लाहकार तथा बिर्तामोड नगर शिक्षा समिति सदस्य समेत छन् । एक सय ३५ जना भन्दा धेरैलाई रोजगारी दिएको यो विद्यालयमा अहिले कक्षा नर्सरीदेखि वीवीए र बीएचसीसम्मका कक्षा सञ्चालनमा छन् ।

पशुपति इङ्लिस स्कूल

झापाको कनकाई नगरपालिका ३ मा रहेको पशुपति इङ्लिस स्कूल नगरकै उत्कष्ट विद्यालय हो । यो विद्यालय कनकाईको मात्र नभई जिल्लाकै उत्कृष्ट निजी विद्यालय मध्येको एक हो । २०३९ सालमा स्थापित यो विद्यालयका संस्थापक गंगाप्रसाद उप्रेती हुन् । हाल यो विद्यालयका सञ्चालक एलपी उप्रेती सहित पुण्यप्रसाद उप्रेती र गोमादेवी उप्रेती रहेका छन् । नर्सरीदेखि नै प्रविधि मैत्री र युग सुहाउँदो शिक्षा प्रदान गरेका कारण यो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको संख्या उच्च छ । हाल यो विद्यालयमा एक हजार एक सय भन्दा धेरै विद्यार्थी अध्ययनरत् छन् । बाल मनोवैज्ञानिक, संस्कारयुक्त शिक्षा, अतिरिक्त क्रियाकलाप र खेलकुद लगायतका विधामा समेत सहभागी गराएर विद्यार्थीको चौतर्फी विकासमा खेलेको भूमिकाका कारण यो विद्यालयको चर्चा हुने गरेको छ । ७२ जना शिक्षक र कर्मचारीलाई यो विद्यालयले रोगजारी समेत दिएको छ ।

कर्णाली एजुकेशन फाउण्डेशन

बुद्धशान्ति गाउँपालिका -१ मा रहेको कर्णाली एजुकेशन फाउण्डेशन त्यस क्षेत्रको उत्कृष्ट विद्यालय हो । ग्रामीण क्षेत्रमा स्थापित यो विद्यालयमा कक्षा १२ सम्म अध्यापन हुने गरेको छ । २०५३ सालमा स्थापित यो विद्यालयका सञ्चालक छत्रवहादुर कार्की र नवीन विमली हुन् । आफ्नै भवन, विद्यालय वसको व्यवस्था, प्रविधि मैत्री शिक्षण विधि र समय सापेक्ष शिक्षा प्रदान गर्ने भएका कारण यो विद्यालय शिक्षक र अभिभावको रोजाइमा छ ।

एसईईमा हरेक वर्ष ल्याउने उत्कृष्ट नतिजाका कारण पनि यो विद्यालयमा विद्यार्थी संख्या त्यस क्षेत्रमा सञ्चालित अन्य विद्यालयको तुलनामा धेरै छ । कमजोर विद्यार्थीलाई छुट्टै कक्षाको व्यवस्था सहित अध्यापन हुने यो विद्यालयका प्रिन्सिपल सोमनाथ भट्टराई हुन् । झण्डै १३ सयको हाराहारीमा यो विद्यालयमा विद्यार्थी रहेका छन् ।

स्मार्ट कक्षा सञ्चालन, हरेक विद्यार्थीलाई छुट्टाछुट्टै कम्प्युटर कक्षाको व्यवस्थापन गर्दै अध्ययन अध्यापन गराउँदै आएको यो विद्यालय जिल्लामा सञ्चालित उत्कृष्ट निजी विद्यालयहरुमा गनिँदै आएको छ ।

सिग्मा इङ्लिस स्कूल

नवराज पराजुली संस्थापक रहेको सिग्मा इङ्लिस स्कूल जिल्लामा सञ्चालित निजी विद्यालयहरु मध्येको हल्दिवारी गाउँपालिकामा अव्वल विद्यालयका रुपमा परिचित छ ।

यो विद्यालय २०५२ सालमा स्थापित भएको हो । यहाँ सात सयभन्दा धेरै विद्यार्थी अध्ययनरत् छन् । ग्रामीण भेगमा भएपनि विद्यालयमा प्रदान गरिने गुणस्तरीय शिक्षा र अतिरिक्त क्रियाकलापका कारण धेरैको यो विद्यालय रोजाइमा पर्ने गरेको छ । २०७५ सालमा भएको एसईई परीक्षामा जिल्ला प्रथम भएको यो विद्यालय हरेक वर्ष उत्कष्ट नतिजा हासिल गर्ने विद्यालय मध्येमा पर्छ । कक्षा ११ सम्म पठनपाठन हुने यो विद्यालयमा घरायसी वातावरणमा पठन पाठन हुने गरेका कारणा पनि अभिभावकले आफ्ना नानीहरु पठाउने गरेको सञ्चालक पराजुली बताउँछन् । कक्षा कोठामा छडीरहित सिकाइ, विद्यार्थीलाई मनोपरामर्श समेत दिइने यो विद्यालयमा अध्ययनरत् विद्यार्थी हरेक क्षेत्रमा प्रतिष्पर्धा गर्दा अब्वल हुने गरेका छन् ।

८ जना विद्यार्थीबाट अध्ययन शुरु भएको यो विद्यालयमा अध्ययनरत् विद्यार्थी अहिले देश तथा विदेशका विभिन्न क्षेत्रमा उच्च ओहोदामा रहेर काम गरिरहेको बताइन्छ । विद्यार्थीलाई विद्यालय स्तरबाट नै योग शिक्षा, स्विमिङ र मनोरञ्जनका अन्य गतिविधि गरिने यो विद्यालय हल्दिवारी गाउँपालिकाको मात्र नभई जिल्लामा सञ्चालित अब्वल विद्यालय मध्येको एक हो ।

होटल बिक्रीमा

बिर्तामोडस्थित एक चालू अवस्थामा रहेको होटल तु-विक्रीमा रहेको छ । इच्छुकले चाँडै सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८१८३७६१६४

अर्जुनधारा नगर विकास बहुउद्देश्यीय सहकारी संस्था लि

अर्जुनधारा -८, शनिश्चरे झापाको

कर्मचारी आवश्यकता

प्रथमपटक प्रकाशित मिति : २०७९।१२।१९ विज्ञापन नं. १/२०७९/०८०

दोस्रोपटक प्रकाशित मिति : २०८०।०१।०५

उपरोक्त सम्बन्धमा मिति २०७९।१२।०३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थालाई निम्न पदका लागि कर्मचारीको आवश्यकता परेको हुँदा खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नु पर्ने भएकोमा मिति २०८०।०१।०३ को निर्णयानुसार १५ दिनको आवेदनको समय थप गरिएकोले तपसिल बमोजिम योग्यता पुगेका उम्मेदवारहरुले यस संस्थाको कार्यालयमा दरखास्त पेश गर्न हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यकता

१) पद : व्यवस्थापक
क) पद संख्या : १ (एक) जना
ख) उमेर : १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
ग) न्यूनतम् शैक्षिक योग्यता : स्नातक तह उत्तीर्ण
घ) संस्था तथा कार्यालय सञ्चालन, व्यवस्थापन सम्बन्धी कम्तिमा ३ वर्ष अनुभव गरी लेखा सम्बन्धी ज्ञान भएको
ङ) पारिश्रमिक तथा सेवा सुविधा : संस्थाको नियमानुसार
च) सहकारी तथा वित्तीय संस्थाहरुको कार्यअनुभव भएका, संस्थाका शेयर सदस्य वा एकाघर परिवारका सदस्य तथा सवारी साधान भएकालाई प्राथमिता दिइनेछ ।
छ) छनौट प्रक्रिया : लिखित र मौखिक
ज) आवेदन दस्तुर : रु. ५००।-
झ) दरखास्त दिने अन्तिम म्याद : २०८०।०१।१९ गते ३:०० बजेभित्र

आवेदकले पेश गर्नुपर्ने आवश्यक कागजातहरु :
१) हस्तलिखित निवेदन
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि
४) कम्प्युटर तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि साथै नेपाली र अंग्रेजी दुबै टाइप गर्न सक्ने ।
५) अनुभवको प्रमाणपत्रको प्रतिलिपि
६) पासपोर्ट साइजको एक प्रति फोटो
७) सवारी चालक अनुमतिपत्रको प्रतिलिपि
८) शेयर सदस्य प्रमाणपत्रको प्रतिलिपि

नोट : म्याद नाघी वा रीत नपुगी आएको दरखास्तउपर कुनै कारवाही गरिने छैन । थप जानकारीका लागि कार्यालयमा समयभित्र सम्पर्क गर्न अनुरोध छ ।

सम्पर्क नम्बर : ९८०१४०१३११ /९८१७९७६५००/९७४९२११९३९/९७४९२०८२७८

प्रत्युस आजाद राना : अध्यक्ष

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

तपाई हाम्रै नगर अर्जुनधारा -८स्थित शनिश्चरे बजार नजिकै रहेको शान्त एवम् अनुशासित वातावरणमा दक्ष तथा अनुभवी शिक्षकहरूद्वारा पढाइ हुने यस **एम्स एकाडेमीमा शैक्षिक सत्र २०८०** का निम्ति कक्षा नर्सरीदेखि कक्षा ९ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ ।

कक्षा १देखि ९ सम्म हरेक कक्षामा दुई जना उत्कृष्ट नतिजा ल्याउने नयाँ विद्यार्थीहरूलाई छात्रबृत्तिको व्यवस्था गरिएको छ ।

भर्ना फारम धमाधम वितरण भइरहेको छ । सिट सीमित छ तुरुन्त सम्पर्क गर्नुहोला ।

एम्स एकाडेमी, अर्जुनधारा -८, झापा
(शनिश्चरे पेट्रोल पम्पको पश्चिमपट्टि)
सम्पर्क : ०२३-४६५२८८, ९८५२६७४२६९
email : aims.edu.2054@gmail.com

कर्मचारी आवश्यकता

प्रथमपटक प्रकाशित मिति २०८०/०१/०३

श्री लक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बिर्तामोड-४का लागि देहाय बमोजिमका कर्मचारी आवश्यक परेकाले योग्यता पुगेका इच्छुक नेपाली नागरीकहरुबाट मिति २०८०/०१/१० सम्ममा दरखास्त आव्हान गरिन्छ ।

क्र.स.	पद	संख्या	योग्यता
१.	बजार प्रतिनिधि	२ जना	टेष्ट एसएलसी (Test SLC), साथै सवारी चालक अनुमतिपत्र अनिवार्य हुनुपर्ने छ ।

आवश्यक कागजातहरु :
१. हस्त लिखित निबेदन तथा बायोडाटा ।
२. नेपाली नागरिकता प्रतिलिपि/ PP Size फोटो १ प्रति ।
३. सवारी चालक अनुमति-पत्रको प्रतिलिपि ।
४. शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि ।

पदपूर्ति उपसमिति
श्री लक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लि.
बिर्तामोड-४, झापा (कृष्णहल रोड)
सम्पर्क नं.:- ०२३-५३०७३४

पार्ट टायम जब चाहियो ?

के तपाई पार्ट टायम जबको खोजीमा हुनुहुन्छ ?

यदि तपाईसंग आफ्नै साइकल छ भने बिर्तामोड एरियामा विहान ५ बजेदेखि ७ बजेसम्म हामी तपाईहरुलाई रोजगारी दिनेछौं । सम्पर्क गर्नुहोला ।

आवश्यक कागजातहरु: निवेदन, नागरिकता/जन्मदर्ताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति

मो. ९८४२६९६११२, ९८०६०३३१५३

भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा, कोशी प्रदेश, नेपाल

विद्युतीय दर भाउपत्र (E-Bid) आह्वान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०।०१।०८

यस भद्रपुर नगरपालिका कार्यालयका लागि आवश्यक तपसिल बमोजिमका सामानहरु यस नगरपालिका कार्यालयलाई आवश्यक परिमाणमा तोकिएको मिति र समयमा न.पा. कार्यालयमा आपूर्ति गर्न चाहने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी तथा सप्लायर्सहरुले फर्म दर्ताको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ता भएको प्रमाण-पत्र, आ.व.०७८।०७९ सम्मको कर चुक्ता प्रमाण-पत्र तथा निर्माण कम्पनीको आधिकारिक प्रमाणपत्रसहित विद्युतीय माध्यमवाट दरभाउपत्र पेश गर्न १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएकोले तपसिलको शर्तहरुको अधिनमा रही विद्युतीय दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र.सं.	सामानको विवरण	इकाई	परिमाण	धरौटी रकम रु.	कैफियत
१	सडकबत्तीमा प्रयोग हुने विद्युतीय सामग्रीहरु (एल.ई.डी बल) मात्र	थान	५,००० (पाँच हजार)	४८,०००।००	

१) दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र दस्तुर :- २०८०।०१।२२ गते कार्यालय समयसम्म, रु.१,०००।- एक हजार मात्र (फिर्ता नहुने गरी) । विद्युतीय दरभाउ-पत्र दाखिला गर्दा यस न.पा.कार्यालयको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको नं. २२१०१००३०१०१०००३ (कार्यालय कोड नं. ८०१०१११२) मा रु.१,०००/- जम्मा भएको बैंक भौंचर दाखिला गरी खरिद गनुपर्नेछ ।

२) दरभाउपत्र फाराम दाखिला गर्ने मिति, समय: २०८०।०१।२३ गते दिनको १२.०० बजेसम्म ।

३) दरभाउपत्र फाराम खोल्ने मिति, समय: २०८०।०१।२३ गते दिनको १.०० बजेपछि, भद्रपुर न.पा. कार्यालयमा ।

४) उक्त दिनहरुमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुनेछ ।

५) दरभाउपत्र फाराम पेश गर्दा सो साथ कार्यालयले माग गरे अनुसारको धरौटी रकम यस न.पा.कार्यालयको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको धरौटी खाता नं. २२१०१००३०३०००००३ (कार्यालय कोड नं. ८०१०१११२)मा जम्मा गरी सक्कलै बैंक भौचर र वा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी सामेल राखी पेश गर्नुपर्नेछ । दरभाउपत्र स्वीकृत भएको निर्धारित समयभित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ ।

६) विस्तृत जानकारीका लागि न.पा. कार्यालयको जिन्सी शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

AMITY SECONDARY SCHOOL

Opens Admission in Nursery - Class IX

REGISTRATION HAS BEGUN

JOIN US and feel the difference

OUR FACILITIES:
SCIENCE LABS ✓ LIBRARY ✓
DANCE CLASSES ✓ COMPUTER LABS ✓
AUDIO VISUAL HALL ✓ HARDWARE LABS ✓
SOFT SKILL CLASSES ✓ GAMES & SPORTS ✓
VOCAL & MUSIC CLUB ✓ HYGIENIC CANTEENS ✓
TRANSPORTATION SERVICES ✓ MARTIAL ART CLASSES ✓
THEATRICAL ACTING CLUB ✓

023-541269; 023-590762 9842629372 | amitycollegejhapa@gmail.com | Mitranagar, Birtamode-5, Jhapa

भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा, कोशी प्रदेश, नेपाल

सिलबन्दी बोलपत्र पेश गर्ने सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०।०१।०८

यस भद्रपुर नगरपालिका कार्यालयका लागि आवश्यक तपसिलमा उल्लेख भएका मालसामानहरु (विद्यालय पोशाक) यस नगरपालिका कार्यालयलाई आवश्यक परिमाणमा सम्पूर्ण तयार (सिलाई समेत) गरी तोकिएको मिति र समयमा न.पा.कार्यालयमा आपूर्ति गर्न चाहने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी तथा सप्लायर्सहरुले फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ता भएको प्रमाण-पत्र, आ.व.०७८।०७९ सम्मको कर चुक्ता प्रमाणपत्र, यस नगरपालिका कार्यालयमा दर्ता भएको हकमा नगरपालिकामा कर तिरेको प्रमाणपत्रसहित यो प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस न.पा. कार्यालयबाट बोलपत्र खरीद गरी सिलबन्दी बोलपत्र पेश गर्न हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र.सं.	सामानको विवरण	कपडाको स्पेसिफिकेशन	इकाई	परिमाण	कैफियत
१	सर्टको कपडा	POLYESTER VISCOSE COTTON	मिटर	३०००	
२	पाईन्ट/फर्कको कपडा	POLYESTER COTTON FIBER DYED	मिटर	२६४०	
३	आवश्यकसिलाई गर्नु पर्ने परिमाण	सर्ट, पाईन्ट र फर्क	जोर	२४००	क्र.सं. १ र २ को कपडाको प्रयोग गरेर
	धरौटी तथाजमानत रकम रु. ८३,५००।००				

१) बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति र दस्तुर :- २०८०।०२।०६ गते कार्यालय समयसम्म, रु.३,०००।- तीन हजार मात्र (फिर्ता नहुने गरी) ।

२) बोलपत्र फाराम दाखिला गर्ने मिति, समय र स्थान: २०८०।०२।०७गते कार्यालय समयसम्म, भद्रपुर न.पा. कार्यालयमा

३) बोलपत्र फाराम खोल्ने मिति, समय र स्थान: २०८०।०२।०८ गते दिनको २.०० बजेपछि, भद्रपुर न.पा. कार्यालयमा ।

४) उक्त दिनहरुमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुनेछ ।

५) बोलपत्र फाराम पेश गर्दा सो साथ कार्यालयले माग गरे अनुसारको धरौटी रकम यस न.पा. कार्यालयको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको धरौटी खाता नं. २२१०१००३०३०००००३ (कार्यालय कोड नं. ८०१०१११२)मा जम्मा गरी सक्कलै बैंक भौचर सामेल राखी पेश गर्नुपर्नेछ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारी गरेको दरभाउ पत्रदाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको विड बण्डको सक्कलप्रति पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको निर्धारित समयभित्र सम्झौता गर्न नआएमा यस कार्यालयमा उक्त कामका लागि राखिएको धरौटी जफत गरी ठेक्का तोड्न सकिनेछ ।

६) विस्तृत जानकारीका लागि न.पा. कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

चट्याङबाट आफू बचौं र अरूलाई पनि बचाऔं।

चट्याङ पर्ने सम्भावना भएको बेला

घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा ऱ्याफ्टिङ जस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

घरभित्र हुनुहुन्छ भने,
- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन, मोबाइल फोन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाइन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार विज्ञापन बोर्ड

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

बेथितिहरु सुधार गर

कुनै पनि देशको सम्पूर्ण विकासको पहिलो आधार नै शिक्षा हो । शिक्षाको अभावमा विकासका अन्य पूर्वाधारहरु निरर्थक हुन्छन् । यही सत्यलाई अनुभूत गरेर हो अथवा पश्चिमी मुलुकको भ्रमणका भोगाइलाई आत्मसात गरेर नेपालमा जंगबहादुर राणाले पहिलो पटक वि.सं. १९१० मा दरवार स्कूलको स्थापना गरे । इतिहास बनिएको यो तथ्य नै नेपालमा औपचारिक शिक्षाको प्रारम्भ विन्दु हो । यद्यपि राणा शासकहरु आमनेपालीले औपचारिक शिक्षा प्राप्त गरुन्, सबै शिक्षित होउन् भन्ने चाहँदैन थिए तर पनि त्यसपछि त्रिचन्द्र कलेजका स्थापना भई उच्च शिक्षाको समेत पठन-पाठन शुरु भएको कारणले शिक्षाको जग बसाउने उनीहरु नै भए । २००७ सालको परिवर्तनपछि भने शिक्षा विकासको लहर नै चल्यो र देशभर विद्यालय खुल्ने क्रम बढेर गयो ।

आज देशका प्रत्येक ग्रामीण क्षेत्रमा पनि शिक्षालय स्थापना भएका छन् । विद्यालय जाने उमेरका अधिकांश बालबालिका शिक्षाको पहुँचमा छन् । वि.सं. २०२८ मा नयाँ शिक्षा योजना ल्याइयो, जसले विद्यमान समस्याको समाधान गर्न खोजियो । तर, विद्यालय विकासमा अभिभावक तथा स्थानीय सरोकारवालाहरुलाई विश्वासमा लिन नसकिएकै कारण योजना असफल भयो । त्यसपछि पनि गरिएका कतिपय योजना तथा सुधारसँगै प्रजातन्त्रको पुनर्स्थापना पछि देशमा दुई थरीका शिक्षा प्रणाली सञ्चालन हुन थाल्यो । सरकारको आर्थिक तथा भौतिक सहयोगका सामुदायिक र व्यक्तिका निजी लगानीबाट स्थापित संस्थागत विद्यालयहरुले शिक्षाको विकासमा आ-आफ्नै ढंगले योगदान त दिए तर शिक्षाको सन्तुलित विकास हुन भने सकेन ।

अहिले पनि दुई थरीका विद्यालयहरु सञ्चालनमा छन् । त्यसमध्ये निजी विद्यालयहरु अंग्रेजी माध्यमका नाममा महँगो शिक्षा दिइरहेका छन् । सामुदायिक विद्यालयमा चरम राजनीतिक हस्तक्षेप छ भने निजीमा आम अभिभावकले धान्न नसक्ने शुल्क तिर्नुपर्छ । त्यसमाथि पनि वर्षेनि भर्ना शुल्क तिर्नुपर्ने कारणले अभिभावकहरु पीडामा छन् । अध्यधिक शुल्क लिने निजी विद्यालयहरु सरकारको नियन्त्रणमा छैनन् जस्तो लाग्ने यो अवस्थाले शिक्षासँगै अभिभावकका बीच पनि विभाजन र विभेद बढाइरहेको छ । यस्तोमा संसदमा बोल्दै सांसद उर्मिला माझीले निजी विद्यालयमा वर्षैपिच्छे भर्ना हुने व्यवस्था खारेज गर्न माग गरेकी छन् । उनी र उनी जस्ता जनप्रतिनिधिको आवाज सरकारको कानसम्म पुगेर विद्यमान अवस्थाबाट मुक्ति दिलाउन सके अभिभावकले सरकारको अनुभूति गर्न सक्ने थिए । न मौलिक न त पाश्चात्य ढंगको शिक्षा प्रणालीभित्रको हाम्रो प्रणाली र यसभित्रको विभेदले देशको सर्वाङ्गिण विकास हुन सक्दैन यो चाहिँ सत्य हो ।

शालीन समाजको परिकल्पना

प्रा.डा. हरिप्रसाद पराजुली

सदाचार, इमानदारिता, नैतिकता, कर्तव्यपरायणता र शालीनता मानवीय गुणहरू हुन् । असल मानिसमा यी गुण अनिवार्य हुन्छन् । अज्ञानी बालक र अशक्त वृद्धलाई छोडेर जुनसुकै अवस्थाको मानिसका लागि यी गुण अपरिहार्य मानिन्छन् । समाजका युवाका निमित्त त यी गुणको कठोर अनुशरण बिना जीवनको सफलता सम्भव छैन । हाम्रो समाज मानवीय गुणको अनुसरणका दृष्टिले दिनानुदिन ह्रासोन्मुख देखिएको छ ।

समाजका अगुवा भनेका नेताहरू हुन् । उनीहरूले सदाचार र मानवताको बाटो देखाउन सके मात्र अनुयायीहरूले सिको गर्छन् । हाम्रा सामाजिक संस्थाको नेतृत्व वर्गमै नैतिकता र आत्मानुशासनको ह्रास भइरहेको छ । यसैले मुलुकको भविष्यका रूपमा रहेका युवा वर्गमा यसको असर परिरहेको छ । नैतिकता ह्रासको परिणामस्वरूप समाजमा लेखकले देखेभोगेका एक-दुई घटनाको यथार्थ शब्दचित्र प्रस्तुत गर्नु र नव वर्षको प्रारम्भसँगै यसमा सुधारको प्रणतर्फ जनमानसलाई अभिप्रेरित गर्नु यस सँक्षिप्त लेखनको उद्देश्य हो ।

नीतिशास्त्रले भन्छ- उपकारी र गुणी व्यक्ति सदासर्वदा शालीन हुन्छ, फलेको र छहारी भएको फल वृक्ष जस्तै । असल मानिसको स्वभावलाई उदाहरणका रूपमा लिएर नीतिशास्त्र निर्माण भएको हुन्छ र तिनले दुर्जनको दुर्जनतामा परिवर्तन ल्याएर मानव समाजमा सदाचार विस्तार गर्ने उद्देश्य लिएका हुन्छन्, तर बेलगाम हाम्रा युवा र हाम्रो समाज 'मै खाउँ, मै लाऊँ, दुर्बलहरू जतासुकै जाउन्'को बाटोमा हिँडिरहेका छन् । पराधीनता लेखकलाई स्वीकार्य छैन । लेखक यथासम्भव आफ्ना काम आफैँ गर्न चाहन्छन् । बत्ती-पानी, तिरोतारो, बैङ्किङ कारोबार, किनमेल, लाइसेन्स-ब्लुबुक नवीकरण, अन्य सामाजिक वा सार्वजनिक कार्यक्रममा आफैँ सक्रिय रहनुपर्ने हुन्छ । राज्यले नागरिकलाई सेवासुविधा पुऱ्याइरहेको विज्ञापन गर्न पनि छोडेको छैन ।

म एकदिन तोकिएको मितिमा सवारीसाधनको प्रदूषण जाँच गराउन यातायात व्यवस्था विभागको लाइनमा पुगेँ । १० बजेसम्म लाइन लामो हुने हुँदा मैले ८ बजे नै सवारीसाधन लाइनमा छोडेर १० बजेपछि राजस्व तिर्न काउन्टर पुगेँ । लाइन त्यहाँ पनि लामै थियो । सबै मेरो तुलनामा युवा नै लाइनमा अगाडि थिए । मैले काउन्टरमा ज्येष्ठ नागरिक सुविधा छैन भनेर सोधेँ । 'छ न त छ तर अगाडिका कसैले तपाईंलाई ठाउँ छोडिदिनुहुन्छ भने छ' -काउन्टरकी कर्मचारीले भनिन् ।

लाइनमा बसेका सबै मुखामुख गर्न थाले । मैले उनीहरूको हाउभाउ पछाडिबाट पढिरहेँ । कसैले अगाडि जान मलाई प्रस्ताव गरेन । उल्टै एउटा युवाले 'ज्येष्ठ नागरिक हो र ! जुँगा कालै छन् । फुर्तिलै हुनुहुन्छ । आफ्नो पालो पर्खिन सकिहाल्नु हुन्छ नि' -भन्यो । अर्को युवाले त 'हामी पनि सबै काम छोडेर लाइन कुर्न आएका । पालो मिच्न दिन सकिन्न' भनेर ठूला-ठूला आँखा गऱ्यो । मलाई विवाद गरेर ज्येष्ठ नागरिकको सुविधा लिने चाहना भएन, क्षमता भएन भनेँ ।

यातायात व्यवस्था विभागमा राजस्व बुझाएपछि प्रदुषण जाँच गराउने पालो आयो । गाडीहरूको लामै लाम थियो । मेरो अगाडि केही गाडी थिए । यहाँ पनि मैले ज्येष्ठ नागरिकको अधिकारको दाबी गरेँ तर जाँच गर्ने कर्मचारीले भन्यो- 'सुविधा त छ तर गाडी कसरी अगाडि ल्याउन सक्नुहुन्छ । सक्नुहुन्छ भने ल्याउनुहोस् ।' नभन्दै बाटो साँघुरो थियो । दोहोरो गाडी चल्ने अवस्था थिएन । म चित्त बुझाएरै कुरिरहेको थिएँ । एउटा गाडी जबर्जस्ती अगाडि आयो । पछाडिका गाडीहरूलाई छुन-छुन खोज्दै त्यो गाडी अगाडि बढेको थियो । मेरो गाडीलाई त थोरै छोई नै हाल्यो ।

मैले 'होइन, के गरेको भाइ ?' भने । 'सरी है अङ्कल, मलाई हतार छ । केही भएको छैन । तपाईंको गाडीको चक्का सिधा भएको रहेनछ । मलाई थाहै भएन' -उसले भन्यो । त्यहाँ मैले शालीनता नअपनाएको भए ठूलै विवाद हुन्थ्यो । म विवाद गर्ने पक्ष र क्षमतामा थिइनँ, तर मैले प्रश्न गर्न भने छोडिनँ । अगाडि गएर प्रदुषण जाँच गरिरहेको कर्मचारीलाई भने- यो गाडीलाई चाहिँ किन अगाडि आउन दिनुभएको त ? उसले सजिलै भन्यो- 'उहाँ आउन सक्नुभयो, आउनुभयो । तपाईंलाई पनि आउनुहोस् भनेकै हो । त्यो हाकिम साहेबको गाडी हो । पहिले नै पैसा तिरिसकेको थियो । हामीले रोक्न मिल्दैन ।' अब मसँग 'शालीन' हुनु बाहेक कुनै क्षमता थिएन, विकल्प थिएन ।

यति मात्र होइन, मैले ट्राफिक प्रहरीबाट पनि यस्तै पक्षपातपूर्ण व्यवहार भोगेको छु । घरजग्गा कर तिर्न म कर कार्यालय पुगेँ । पार्किङको समस्या छँदै थियो । त्यस दिन संयोगले श्रीमती पनि साथमै थिइन् । अरूहरूले पार्किङ गरिरहेको स्थानमा हामीले पनि गाडी पार्क गरेर कार्यालयको काम पूरा गरेर फर्कियौँ । मेरो गाडीको अगाडिको देब्रेपट्टिको चक्का लक गरिदिएको रहेछ । मैले २०४६ देखि आजसम्म काठमाडौँमा यस्तो समस्या बेहोरेको थिइन । मलाई थाहा पनि थिएन । गाडी चलाउन खोजेँ । चक्का घुमेन । निस्किएर हेर्छु त चक्का लक छ । मैले नजिकको ट्राफिकलाई सम्पर्क गरेँ । गलत ठाउँमा पार्किङ गरेकाले लक गरिएको भन्ने जवाफ पाएँ । त्यहाँ त्यसबेलासम्म पनि धेरै गाडी पार्किङ गरिएका थिए ।

मैले ट्राफिकलाई सो कुरा पनि जानकारी गराएँ । ट्राफिक घुम्तीको समय परेर त्यसो भएको हो भन्ने खबर भयो । यस्तैमा घुम्दै दुई ट्राफिक प्रहरी आइपुगे । मेरोसमेत अरू गाडीहरू पनि उसै गरी पार्किङ गरिएका थिए । कुनैमा ड्राइभर थिए, कुनैमा थिएनन् । मैले मेरो गाडी मात्र लक हुनुको कारण सोधेँ । उनीहरूले पनि ट्राफिक रनिङको टाइम पऱ्यो भनेर सजिलै जबाफ फर्काए । एउटाले थप्यो- 'तपाईंलाई नियम थाहा रहेनछ । अरू गाडीहरूमा ड्राइभर बस्छन् । ट्राफिक घुम्ने समय बुझेर भाग्छन् । तपाईंले त्यस्तो केही गर्नु भएनछ ।' ट्राफिकले त्यसो भन्दै गर्दा पनि पार्किङमा ड्राइभर नभएका गाडीहरू थिए ।

थप विवाद मेरो लागि सह्य भएन । आफैँ सहनशील र शालीन बनेर फर्किएँ । मेरी श्रीमती यो तमासा हेरिरहेकी थिइन् । भनिन्- 'के गर्नु हामीले शालीन हुनैपर्छ । झगडा गर्न सक्ने हट्टाकट्टा र तन्नेरी भए पो विवाद गर्नु ।' उनको आशय पनि शायद 'हामी बुढाबुढी' भन्ने हुँदो हो, तर त्यसो भनिहालिनन् । मेरो सोच भने बूढाबूढीले शालीन हुनुपर्छ । तन्नेरीले भने जे मन लागे पनि गर्न पाउँछ । भाँडभैलो गरे हुन्छ । गुण्डागर्दी तमासा सकेजति गरे हुन्छ । मुख छोड्ने, हात हाल्ने जुनसुकै व्यवहार गर्न पनि बलियोलाई छुट छ भन्ने मान्न तयार छैन । मेरो मान्यता ठीक विपरीत छ । शालीनता सबैखाले मानिसको साझा शोभा र गहना हो । यसले सबैलाई समान मान दिलाउँछ । किशोर, युवा, बलियाबाङ्गाहरूका निमित्त त यो गुण अपरिहार्य नै हुन्छ । बुढाबुढीले जीवनयापनकै निमित्त शालीनतालाई अनिवार्य मान्नु पर्दैन । उनीहरूको जीवन अन्त्यको नजिक नजिक पुगेको हुन्छ, तर युवाको पूरै जीवन बाँकी हुन्छ । यो जीवन पूर्णरूपमा जिउनका निमित्त उसमा सदाचार, सुसंस्कार र शालीनता अपरिहार्य हुन्छन् । यी गुणको अभावमा उसले सफल जीवन बिताउन सक्तैन ।

नीतिशास्त्रले असल र खराब मानिसको चरित्रमा स्पष्ट भिन्नता देखाएको छ । असल मानिसले मनमा जुन कुरा सोच्छ, त्यही कुरा बोलेर सुनाउँछ । उसले गर्ने व्यवहार पनि उसको मन र बोलीबचन जस्तै समान हुन्छ । तर, खराब व्यक्ति मनमा कुटिलता राख्छ । बोलीबचनले कृत्रिम चिप्लो घसेर मिठो पारेर बोल्छ । उसको आचरण र व्यवहार भने अपराधपूर्ण, षड्यन्त्रपूर्ण र पासविक हुन्छ । अहिले समाजमा असल मानिसको खडेरी र दुर्जन मानिसको बोलवाला छ । समाजका अगुवा, नेताहरू कसैको बोलीमा विश्वास गर्न सकिँदैन । जब उनीहरूको स्वार्थी, भ्रष्ट र अनैतिक आचरण देखिन्छ तब कसैले पनि उनीहरूको मिठो बोलीमा विश्वास गर्दैन । उनीहरूको मिठो वचनलाई साधारण जनमानसले अगाडि दूध देखिएको विषको घडासँग तुलना गर्दछ । हाम्रो समाजमा मानवता दिनानुदिन कमजोर हुँदै गएको छ भने अनैतिक र भ्रष्ट चरित्र मौलाउँदै गएको छ । राजनीतिक, सामाजिक, शैक्षिक, आर्थिक र स्वास्थ्य क्षेत्रमा व्याप्त यस्ता विकृतिको प्रत्यक्ष अनुभव गरिएको छ । यस्ता विकृतिको चित्रणमा जति नै शब्द र पृष्ठ खर्च गरे पनि अपर्याप्त नै हुन्छ । एक दिनको घटना भने जति नै बिर्सिन खोजे पनि बिर्सिन सकिँदैन ।

म नास्तिक होइन । आफू दुर्बल भएको अनुभव हुने बित्तिकै मेरो बोली- 'ऐय्या आमा ! मरेँ नि आमा !! रक्षा गर भगवान् !!!' भन्न पुग्छ भने म कसरी नास्तिक हुन सक्छु ? तर म निराहार भएर, जलाहार-फलाहार समेत छोडेर कुनै मन्दिरमा पंक्तिबद्ध भएर आस्तिकताको आडम्बर देखाउँदै हिँड्ने ढोँगी भने बन्न सकिनँ । म आफ्नै दिनचर्याले घुम्दै थिएँ । पशुपति परिसर घुम्ने पनि चाहना भयो । म त्यहाँ पुगेँ । बाटामा भक्तजनका नानाथरिका आडम्बरयुक्त ढोङहरू सुन्दै गएको थिएँ ।

मन्दिरभित्र दुवैतिर दर्शकको लामो पंक्ति रहेछ । पंक्ति छोटै भए पनि पंक्तिबद्ध भएर दर्शन गर्ने मलाई उत्साह हुँदैन । खाली देखेँ भने शिवलिङ्गको दर्शन गरी पनि हाल्छु । नत्र परैबाट बिदा माग्छु । परिवार र केटाकेटीसँग पशुपति दर्शन गर्न जाँदा म उनीहरूको खुशियाली र उत्सुकताका निमित्त शिलागजुरमा पैसा अड्काउने काम गर्छु । म एक्लै जाँदा यो काम गर्दिनँ । साथ छँदा मैले सधैँ यो काम गर्ने गरेको छु । संयोगले मैले फालेको पैसा धेरैजसो गजुरमा अड्किन्छ । परिवारका सदस्यहरू मलाई भाग्यमानी ठान्छन् र त्यसको राम्ररी नै प्रचार पनि गर्दछन् । म घरमा पशुपतिनाथमा पैसा अड्काउने भाग्यशाली व्यक्ति गनिएको छु ।

त्यस दिन पनि मैले प्रायः सधैँ झैँ अचम्मको दृश्य देखेँ । बलियाबाङ्गाहरू लाइनमा ठेलमठेल गर्छन् । नानाथरि बोलीबचन गर्छन् । दुर्बल बुढापाकाहरूलाई यो सब गर्ने चाहना हुँदैन । उनीहरूसँग यस्तो शक्ति पनि हुँदैन । सुरक्षा र सहयोगका लागि खटिएका पुलिसहरू पनि बलियाबाङ्गा बिचौलियाकै पक्षमा हुन्छन् । कमजोर र बुढापाकालाई उल्टै हप्काउँछन् । 'उठ्नै नसक्नेले किन दर्शन गर्न खोज्नु ? बुढाबुढीले घरैमा बस्ने हो । पशुपतिको दर्शन गर्न रहर गर्ने होइन । मठमन्दिर जान खोज्ने होइन' भन्दै एउटा बलियोबाङ्गो व्यक्तिले दुर्बल भक्तलाई हकार्छ । अरूहरू बलियाको साथ दिन्छन् । म मनमनै प्रश्न गर्छु- 'भगवान् कसलाई चाहिने हो ? असहायलाई कि भुस्तिघ्रेलाई ?'

यद्यपि भगवान् सबैका सहारा हुन्- ठूलासाना सबैका, धनी-गरिब सबैका । भगवान् बलिया-दुब्ला, बुढा-तन्नेरी, महिला-पुरुष, तल्लोमाथ्लो सबै जातका समान सहारा हुन् । सबैका लागि उनको दयाको ढोका सधैँ खुला रहन्छ, तर त्यहाँ त त्यसो भइरहेको थिएन । बलियाले पशुपतिनाथलाई पेवा बनाइरहेको थियो । धार्मिक स्थलमा, नेपालीको आस्था केन्द्रमा त यस्तो अभद्रता र दानवताको राज भइरहेको देखिन्छ भने अरू ठाउँ कस्ता होलान् ? संस्कारको दयनीय खडेरीको नमुना खोज्न यहाँभन्दा अगाडि बढ्नु पर्दैन तैपनि लेखकको भोगाइ यत्तिमै सीमित छैन ।

काठमाडौँको ट्राफिक अव्यवस्थामा शालीन चालकहरूले नै बढी दुःख पाउँछन् । मलाई नियमित आवतजावत गर्नुपर्छ । बीस वर्षे चालकहरू बेलगाम गाडी चलाउँछन् । मोटरसाइकल चलाउने युवा विद्यार्थीको त कुरै छोडौँ । सडकमा टेम्पो र साइकल समेत जसको शक्ति, उसैको भक्तिको हिसाबमा दौडिरहेका हुन्छन् । पहिले पहिले साझाको गाडी र ठूला गाडी देख्दा यी गाडीमा पक्कै परिपक्व र शालीन चालक छन्जस्तो विश्वास हुन्थ्यो । आजकल त यस्ता गाडी समेत २०-२२ वर्षे केटाले नै बेपरवाह चलाइरहेका हुन्छन् ।

दायाँ लेनबाट एउटा पेल्दै आउँछ, बायाँ लेनबाट अर्को । जाम भएको स्थानमा ठूला गाडीले साना गाडीलाई पेल्दै हिँडेका हुन्छन् । सहचालक र सहयोगीहरू सबैले सुन्ने गरी खुलेआम 'पेल्दिउँ दाइ, पेल्दिउँ' भनेर चालकलाई उकास्छन् । कति चालकले यात्रामा मेरो गाडीलाई ठक्कर दिँदै हिँडेका छन् । यात्रामा सहभागी मेरी श्रीमती पनि आफैँले गल्ती गरेसरह अनुभूति गर्छिन् । यस्ता अवस्थामा पनि मजस्तो चालक शालीन बन्नुको विकल्प छैन । साढे तीन दशक बढीको मेरो अनुभवमा बाक्लो र अव्यवस्थित ट्राफिक भएको अवस्थामा मैले यस्तै अनुभव गरेको छु ।

विद्यार्थी जीवन र प्राध्यापन सेवामा रहँदा मैले अनेक परिवर्तन देखेँ । कतिपय परिवर्तनमा त आफू समेत सक्रिय भएर लागेँ । लाग्नुको एउटै उद्देश्य थियो- देशको समुन्नति । देशमा पूर्ण प्रजातन्त्रको स्थापना हुनेछ । सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक र स्वास्थ्य क्षेत्रमा सुधार हुनेछ । असहाय, निर्धन, अशक्तले सहारा पाउने छन् । राजनीतिक नेता र सहयोगीहरू राजनीतिको उच्च सेवाभावबाट अनुप्रेरित हुने छन् । मुलुकमा सदाचार र सुशासनको प्रत्याभूति प्राप्त हुनेछ ।

समाजमा शालीनता भयो भने लक्ष्मीप्रसाद देवकोटाले भने झैँ मुलुक सुन्दर र शान्त हुनेछ । नभन्दै देशमा प्रजातन्त्र पुनर्स्थापना भयो । लोकतन्त्र/गणतन्त्र स्थापना भयो । धर्म निरपेक्षता र सङ्घीयता समेत प्राप्त भयो । गणतान्त्रिक नयाँ संविधान निर्माण भयो । त्यसको कार्यान्वयन भएको पनि एक दशक हुन लाग्यो तर परिणाम ठीक उल्टो भयो । मुलुकमा सदाचार र सुशासन नै सङ्कटमा परेको छ । समाजमा अराजकता र अपराधीकरणले प्रोत्साहन पाइरहेको छ । स्वार्थ र भ्रष्टाचारले बढावा पाएको छ । सत्य र इमानदारिता कतै खोजे पनि पाइँदैन । असहाय र दुर्बलहरूले जीवनयापन गर्ने अवस्था छैन ।

सबैभन्दा डरलाग्दो विषय त के छ भने समाजमा सदाचार, सु-संस्कार र शालीनता दिनानुदिन अधोगतितर्फ लागेका छन् । पतनोन्मुख देखिएका छन् । समाजको मेरुदण्ड सदाचार हो । यो भाँचिएको छ । यसले विशेष गरी युवावर्गलाई प्रभावित गरेको छ । तसर्थ, आजको राष्ट्रिय चुनौति भनेको ह्रास भएको नैतिकता, इमानदारिता र सदाचारको पुनरुत्थान हो । हाम्रो व्यवस्था, हाम्रा नेता, सरकार र सबैले समयमै सचेत रहेर देशमा सुशासन र व्यक्तिमा शालीनताको विकास नगर्ने हो भने हाम्रो सङ्घर्ष र हाम्रा उपलब्धि इतिहास र गन्तीका विषय मात्र हुनेछन् । *गोप*

लेखक अध्ययन अनुसन्धानमा क्रियाशील हुन् ।

४२ जना शेयर सदस्यको रकम फिर्ता

बिर्तामोड, बैशाख ७। कर्णाली बचत तथा ऋण सहकारी संस्था लिमिटेड बिर्तामोडले ४२ जना शेयर सदस्यलाई एक करोड ५४ लाख ९९ हजार नौ सय ८० रुपैयाँ ६८ पैसा वितरण गरेको छ ।

संस्थाले आर्थिक वर्ष २०७८/०७९ मा असल कारोवार गर्ने शेयर सदस्यलाई संरक्षित पुँजी कोष फिर्ताबाट १९ हजार आठ सय ७८ जनालाई सो रकम बितरण गरेको हो । जसमध्ये १५ हजार रुपैयाँ माथि प्राप्त गर्ने ४२ जना शेयर सदस्यलाई एक कार्यक्रमकाबीच बिर्तामोडमा सम्मानसहित रकम प्रदान गरिएको हो । सहकारीले प्रदान गरेको अधिकतम् संरक्षित पुँजी कोष फिर्ता पाउनेमा एकराज बिष्ट रहेका छन् । उनले एकलाख २४ हजार दुई सय ८४ रुपैयाँ आठ पैसा पाएका छन् ।

संस्थाका अध्यक्ष टसबहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा उनीहरुलाई सम्मान गरिएको थियो । अध्यक्ष श्रेष्ठले सहकारी गतिविधिका बारेमा समेत जानकारी गराएको थिए । सहकारीको असुलीदर ९४.९ प्रतिशत रहेको बताउँदै तरलतादर समेत झारेको बताए । आर्थिक बर्ष २०७८ ७९ को असार मसान्तसम्म तरलता प्रतिशत २२.१२ रहेपनि ०७९/८० को चैत मसान्तसम्ममा तरलतादर १४.३० प्रतिशतमा झरेको अध्यक्ष श्रेष्ठले बताए ।

सहकारीको शेयर पुँजी ४७ करोड २१ लाख ५५ हजार तीन सय रुपैयाँ रहेको बचत २ बर्षमाथि रहेको कार्यक्रममा जानकारी दिइयो । संस्थाले चैत मसान्तसम्मा तीन अर्ब ७५ करोड ९० लाख ६० हजार ६३० रुपैयाँ ९९ पैसा गरेको तथा जगेडा तथा अन्यकोषमा १७ करोड १४ लाख ४५ हजार सात सय ७२ रुपैयाँ ६० पैसा रहेको जानकारी दिए ।

संस्थाका सचिव भूपाल बस्नेतले सहकारीको कोषको उदेश्य र सहकारीले गर्दै आएका गतिविधिका बिषयमा प्रकाश पारेका थिए भने सम्मानित व्यक्तित्व मध्येबाट चित्रकला पौडेल र दुर्गाप्रसाद नेपालले आ-आफ्नो धारणा राखेका थिए । संस्थाका कोषाध्यक्ष एकराज बिष्टले स्वागत गरेको कार्यक्रमको सञ्चालन सहकारीका मानव संसाधन बिभाग प्रमुख लक्ष्मीनारायण भट्टराईले गरेका थिए ।

व्यक्तिगत घटना दर्ता सप्ताह

पथरीशनिश्चरे, बैशाख ७। पथरीशनिश्चरे नगरपालिकामा व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम शुरु भएको छ ।

पथरी बजारका विभिन्न चोकहरूमा 'प्रभात फेरि' कार्यक्रमको आयोजना गर्दै सो कार्यक्रमको शुरूवात भएको हो । नगरपालिकाको कार्यालयबाट निस्किएको कर्मचारीहरुको समूहले पथरीशनिश्चरे-१ को पथरी बजार परिक्रमा गरेको थियो ।

प्रभात फेरिमा सहभागीहरुद्वारा व्यक्तिगत घटना दर्ताको विवरण र जानकारीसहितका 'जनचेतना जगाउने हेन्सआउट' पनि वितरण गरिएको थियो ।

प्रभात फेरि अभियानमा पथरीशनिश्चरे नगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद खरेल, लेखा प्रमुख पिताम्वर वस्ती, योजना तथा प्रशासन शाखा प्रमुख शिव राई लगायतको कर्मचारीहरुको उपस्थिति थियो ।

व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम अभियानकै रुपमा १० वटै वडाहरुमा एकैसाथ सञ्चालन भएको छ ।

सबै वडाहरूका वडाध्यक्षसहित अन्य जनप्रतिनिधिहरू र कर्मचारीहरूको सहभागितामा व्याक्तिगत घटना दर्ता गराउन अनुरोध गर्दै प्रभात फेरि र संक्षिप्त कोण सभा मार्फत जनचेतना जगाउने कार्य भएको वडा नं. २ का वडाध्यक्ष नैना साम्पाङ राईले जानकारी दिइन् ।

स्थानीयको स्वास्थ्य परीक्षण

पथरीशनिश्चरे, बैशाख ७। मोरङको पथरीशनिश्चरे वडा नं. ५ मौलीबारीमा स्थानीयको स्वास्थ्य परीक्षण र विकास निर्माणको अनुगमन गरिएको छ ।

नगरपालिकाको प्रमुख मोहनप्रसाद तुम्वापोको अगुवाइमा अनुगमन टोलीले स्थानीयहरूको स्वास्थ्य निरीक्षण गर्नुका साथै विभिन्न विकास योजनाहरूको अनुगमन गरेको हो ।

अनुगमन टोलीमा नगरपालिकाकी उप-प्रमुख देवीमाया काफ्ले, स्वास्थ्य संयोजक मुरारी आचार्य, मेडिकल अफिसर भेषराज पोखेल, वडा सदस्य एवम् कार्यपालिका सदस्य तुलसा कार्की लगायत सहभागिता रहेको थियो ।

उक्त स्थानका स्वास्थ्य सेवाबाट वञ्चित हुनेहरुलाई नगरपालिकाको तर्फबाट स्वास्थ्य सेवा प्रदान गरिने भएको छ भने सोही स्थानमा भएका विभिन्न विकास निर्माणको अनुगमन समेत गरिएको थियो ।

पोसाकको पहिचान : सन्दकपुर गाउँपालिकाको सातखाल्डेमा आयोजना भएको सन्दकपुर महोत्सवमा सुनुवार पोसाकमा स्टलमा फोटो खिच्दै गरेका स्थानीय । बैशाख ५ गतेदेखि बैशाख १० गतेसम्म सञ्चालन भइरहेको महोत्सवमा स्थानीय उत्पादन सँगै विभिन्न जातजातिको पहिचान झल्काउने पहिरनमा युवाहरूको सहभागीता रहेको छ । ***तस्वीर : भगीरथ भण्डारी***

अन्तरपालिका लिग फुटबलको मिति तय

भद्रपुर, बैशाख ७। भद्रपुर झापा गोल्डकपले आयोजना गर्न लागेको उमेर समूहको झापा जिल्लास्तरीय अन्तरपालिका लिग फुटबल प्रतियोगिताको मिति तय भएको छ ।

मेची रंगशाला चन्द्रगढीमा बसेको गोल्डकप कार्यसमितिको बैठकले उमेर समूहको लिग फुटबल प्रतियोगिता यही मंसीर पहिलो साताबाट गर्न लागिएको हो । झापाका १५ वटै पालिका सहभागी हुने लिग फुटबल प्रतियोगिता २०८० मंसीर ७ गतेदेखि मेची रंगशालामा सञ्चालन गर्ने निर्णय गरिएको गोल्डकपका अध्यक्ष दिपेश ढकालले जानकारी दिए ।

लिग प्रतियोगिता- २०८० सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नियमावली मस्यौदा तयार गर्न झापा जिल्ला फुटबल संघका अध्यक्ष भगिरथ आले मामाको संयोजकत्वमा समिति बनाएको महासचिव जीवनकुमार श्रेष्ठले बताए । समिति सदस्यहरुमा गोल्डकपका उपाध्यक्ष गौरव सुब्बा, सचिव टहलदास मैनाली, सदस्य गम्भीर राई र सदस्य पूर्णमाया सुब्बा रहेका छन् ।

भद्रपुर झापा गोल्ड कप

गोल्डकपका अध्यक्ष ढकालका अनुसार भद्रपुर झापा गोल्डकपको उत्कृष्ट टिम तयार गर्ने उद्देश्यले झापा लिग सञ्चालन गर्न लागिएको हो । लिगमार्फत खेलाडी छनोट गरेर आयोजकको टिमबाट खेल्ने खेलाडी विशुद्ध झापाकै बनाउन लागिएको अध्यक्ष ढकालले बताए ।

यसैबीच, भद्रपुरमा बाल फुटबल प्रशिक्षण परियोजना सञ्चालन गर्न यही बैशाख १६ र २३ गते छनोट प्रतियोगिता सञ्चालन गर्ने बैठकले निर्णय गरेको छ । बैठकले महासचिव श्रेष्ठले तयार पारको मस्यौदा पारित गर्ने निर्णय गर्दै युवा फुटबल प्रशिक्षण परियोजना मेची रंगशालामा सञ्चालन गर्ने निर्णय गरेको छ ।

बैठकले प्रशिक्षार्थी छनोटका लागि आले मामा संयोजक तथा गम्भीर राई, पूर्णमाया सुब्बा, भरतचन्द्र गुरुङ र टेकबहादुर गुरुङ सदस्य रहेको समिति बनाएको छ । त्यस्तै, प्रशिक्षार्थी समन्वय तथा प्रशिक्षण व्यवस्थापनका लागि उपाध्यक्ष सुब्बा संयोजक तथा सचिव मैनाली र सहसचिव योगेन्द्र पौडेल सदस्य रहेको समिति बनाएको छ ।

बैठकले युवा फुटबल प्रशिक्षणका लागि प्रशिक्षकहरु गम्भीर राई, मित्र बस्नेत र पूर्णमाया सुब्बालाई जिम्मा दिने निर्णय गरेको छ । १४ देखि १६ र १७ देखि १९ वर्ष उमेर समूहमा विद्यार्थीलाई विभाजन गरी भद्रपुर झापा गोल्डकप बाल फुटबल प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने बताइएको छ ।

कालिञ्चोकमा रोमान्टिक गौरव र नम्रता

अभिनेता गौरव पहारी र अभिनेत्री नम्रता सापकोटाले पहिलो पटक एकसाथ काम गरेको फिल्म हो- 'नम्बरी सुन' । आगामी भदौ १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको लमजुङस्थित भुजुङ्ग गाउँमा ३१ दिनसम्म छायांकन भएको थियो । फिल्ममा समावेश 'तिमी वर म पिपल' बोलको गीत भने यतिबेला दोलखा जिल्लाको चर्चित पर्यटकीय स्थल कालिञ्चोक क्षेत्रमा छायांकन भइरहेको छ ।

छायांकनको केही तस्वीरमा गौरव र नम्रता रोमान्टिक अवतारमा देखिएका छन् । उनीहरुको केमेस्ट्री सुहाएको देखिन्छ । तीन दिनदेखि छायांकन भइरहेको गीतमा अर्जुन पोखरेलको संगीत, प्रताप दास र अनु चौधरीको युगल स्वर छ । निर्देशक राजु गिरीले गीतको भिडियोलाई उत्कृष्ट बनाउन निकै मेहनत गरिएको बताएका छन् । ७० वर्षअघिको कथामा निर्माण भएको फिल्मको प्रस्तुतकर्ता नारायण खाती हुन् । खातीकै कथा तथा प्रस्तुति रहेको फिल्ममा गौरव र नम्रतासँगै सरोज खनाल, राजाराम पौडेल, राजेन्द्र खड्गी, बुद्धि तामाङ, किरण नेपाली, सविन बास्तोला, विनोद न्यौपाने, गीता अधिकारी, मन महर्जन लगायतको पनि विशेष भूमिका छ । गौरव र नम्रता फिल्म राम्रो बनेकाले दर्शकलाई मनपर्नेमा विश्वस्त छन् ।

सुवर्ण शिभान्स प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्ममा शिवम् अधिकारीको पटकथा तथा संवाद लेखन रहेको छ । फिल्मलाई सरोज खाती, सविन खाती र मनोज रिजालले निर्माण गरेका हुन् । अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत, रामजी लामीछानेको नृत्य निर्देशन, दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व निर्देशन रहेको फिल्मलाई गौतम राज खड्काले सम्पादन गर्नेछन् ।

जलथल खानेपानीमा सर्वसम्मत

जलथल, बैशाख ७। जलथल खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नेतृत्व सर्वसम्मत रुपमा चयन भएको छ ।

हल्दिवारी गाउँपालिका- ३ ,४ र ५ का उपभाक्तालाई शुद्ध खानेपानी खुवाउने उद्देश्यले स्थापना भएको खानेपानीको नाममा आजको मितिसम्म जग्गाको स्वामित्व आएको छैन । जलथल खानेपानीमा करिब दुई हजार सदस्य रहेका छन भने एक हजार सात सयभन्दा बढिले धारा जडान गरी शुद्ध खानेपानी वितरण गरिरहेको समितिले जनाएको छ ।

जलथल खानेपानी अन्तर्गत करिब छ करोड लगानी भइसक्दा समेत दाताले दिएको जग्गा खानेपानीको नाममा आउन नसक्नु र करोडौं लगानी कुन हिसाबले गरियो जवाफ खानेपानी डिभिजन कार्यालय र स्थानीय सरकारले दिनुपर्ने बताइएको छ ।

खानेपानीको विधान अनुसार वडा नम्बर ५ बाट भानु प्रसाईं, टीकाराम सुवेदी र कोपिला सिरुवाल निर्वाचन घोषणा गरेका दिननै सर्वसम्मत भएका थिए भने वडा नम्बर ३ बाट सीतादेवी बिष्ट पनि सर्वसम्मत भएकी थिइन् । वडा नम्बर ४ मा चार पदमा नौ जनाको उम्मेदवारी तथा ३ मा एक जनाको लागि दुई जनाको उम्मेदवारी परेपछि राजनीतिक भागबन्डा अनुसार एमाले, कांग्रेस र राप्रपाले सहमति गरेका हुन् ।

निर्वाचन नगरी एक महिनाभित्र

दाताबाट जग्गा खानेपानीको नाममा ल्याउने सहमति अनुसार पूर्व अध्यक्ष नवराज खरेलले समेत आफ्नो उम्मेदवारी फिर्ता गरेको बताए ।

खानेपानीमा राजनीतिक भागबन्डा अनुसार एमालेबाट केदारप्रसाद उप्रेती, कांग्रेसबाट कृष्ण प्रसाईं र राप्रपाबाट सावित्रा बारकोटी र जीवनकुमार अधिकारीलाई वडा नम्बर ४ बाट सर्वसम्मत गरिएको छ भने वडा नं. ३ बाट कमल ओलीलाई सर्वसम्मत गरिएको जनाइएको छ । विधान अनुसार निर्वाचित सदस्यहरुबाटै अध्यक्ष लगायत अन्य पदाधिकारी चयन गरिने छ भने दुई जना सदस्य, सल्लाहकार समिति र लेखा समिति समेत निर्वाण हुनेछ ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

सिद्धकाली
मोटरसाइकल ग्यारेज
दमक-८, सेतुमारी रोड, झापा
प्रो. सागर अधिकारी खत्री
सम्पर्क: ९८०६०१४४४६/ ९८४४६०२२३२

नोटः यहाँ सबै प्रकारका मोटरसाइकल दक्ष मेकानिकद्वारा मर्मत गरिन्छ । साथै बासिङ पनि गरिन्छ र स्पेयर पार्ट्सहरु उचित मूल्यमा पाइन्छ ।

डिजिटल तराजु
विशेष छुटमा

Barnet Weighing Scale
सुरुङ्ग कनपा-३, झापा
Mob. 9810405794, 9802742456

छापाखाना
क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

निक्षेप उपरको हकदावी सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति : २०८०/०१/०७

यस विकास बैंकको शाखा कार्यालय बुधबारे झापामा खाता भएको झापा जिल्ला साविक बुधबारे गाविस वडा नं. ०५ र हाल झापा बुद्धशान्ति गा.पा. वडा नं. ०२ स्थित स्थायी बसोबास भएको श्री भानुभक्त सुवेदीको नाममा यस शाखा कार्यालयमा बचत खाता नं. ०५३०१९००७०४४५३०००००१ रहेको र निजको मिति २०७९/०५/२२ मा मृत्यु भएकोले मिति २०७९/०६/२५ गाविस/गापा/नपाको मृत्यु दर्ता नं. १९९९०४०११०१४२-२ प्रमाणपत्र अनुसार निज भानुभक्त सुवेदीको नाउँको खातामा इच्छाइएको व्यक्ति नभएकोले सोही गाविस/गापा/नपा ऐ.ऐ. ठेगानामा बसोबास गर्ने उहाँको बुहारी (नाता प्रमाणितको प्रमाणपत्रमा उल्लेख गरे बमोजिम) श्री/श्रीमती तारादेवी रिजालले स्थानीय बुद्धशान्ति गाविस/गापा/नपा कार्यालयको सिफारिससहित मृतक भानुभक्त सुवेदीको नाउँको यस विकास बैंकमा माथि उल्लेखि शाखामा रहेको खाताको रकम पाउँ भनी आवश्यक कागजातसहित यस विकास बैंकमा पेश गर्नुभएकोले उक्त रकममा अन्य कसैको हकदाबी लाग्ने भए सूचना प्रकाशिन भएको मितिले ३५ दिनभित्र यस विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजातसहित निवेदन दिनहुन अनुरोध छ । अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज निवेदक तारादेवी रिजाललाई उल्लेखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको लागि यो सूचना प्रकाशित गरिएको छ ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

सूचना ! सूचना !! सूचना !!!
व्यक्तिगत घटना दर्ता सप्ताह सफल पारौं

२०८० साल बैशाख १ गतेदेखि ७ गतेसम्म सञ्चालन हुने व्यक्तिगत घटना दर्ता सप्ताहमा सहभागी बनौं ।

जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ सराइ जस्ता व्यक्तिगत घटना, घटना घटेको ३५ दिनभित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गरौं र गराऔं । विद्यालय भर्ना गर्न, नाबालक परिचयपत्र बनाउन, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न, राहदानी बनाउन, बैंकमा खाता खोल्न तथा सरकारले दिने अन्य सेवा लिन व्यक्तिगत घटना दर्ता आवश्यक हुने भएकाले नर्बिसि आजै वडा कार्यालय जाऔं । देशभरी भइरहेको **'व्यक्तिगत घटना दर्ता सप्ताह'** सफल पारौं ।

'घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो ।'

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

कन्काई माध्यमिक विद्यालय
कनकाई नगरपालिका-३, सुरुङ्गा, झापा
'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा, सबैको अभियान'
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

नमूना विद्यालयको रूपमा विकास भइरहेको, अभिभावक र विद्यार्थीहरूको सर्वाधिक रोजाइमा रहेको कन्काई मा.वि., सुरुङ्गा झापामा बालकक्षा (Nursery) देखि कक्षा ५ सम्म अंग्रेजी माध्यम र कक्षा ६ देखि कक्षा ९ सम्म अंग्रेजी र नेपाली दुबै माध्यमबाट पठनपाठन हुने कक्षाहरूमा नयाँ भर्नाका लागि आवेदन खुल्ला गरिएको छ । सिट सीमित छ । समयमै आफ्नो सिट सुरक्षित गर्नुहोस् ।

प्रवेश परीक्षा मिति : २०८०/०१/११ गते दिनको ठीक ११:०० बजे ।
गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता
सम्पर्क नं. :
९८५२६५०१२५, ९८४२६५७२४०,
९८१४०४२९९९, ९८४२६५७२९६, ९८४२६७१५८४

चन्द्रप्रसाद शिवाकोटी - फोकल पर्सन
विद्यार्थी भर्ना अभियान - २०८०

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिंदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
तपाईले आज जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग रहेको छ, साथीभाइले पूर्ण सहयोग गर्ने हुनाले मन प्रशन्न रहला ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
दिन रमाइलोसँग बित्नेछ, बेलुकीपख शुभ समाचार सुन्न पाइने छ, नयाँ कामका लागि अवसर आउने योग रहेको छ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै शुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
मन अशान्त रहन दिन रहेको छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
समय मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, आज तपाईलाई सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
सन्तान पक्षबाट सुखद् खबर सुनिनेछ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।